जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक १८०    २०७७ साल फागुन ४ गते मंगलबार (16 Feb. 2021 Tuesday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले भुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारका तीन वर्षः ... ३ पृष्ठमा : सत्तरी महिनापछि ... ३ पृष्ठमा : भारतमा कोभिड-१९ बाट ...

## अदालतमा रहेका विचाराधीन मुद्दामाथि सडकबाट फैसला गर्न हुन्न् : काँग्रेस उपसभापति निधि







**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

नेपाली काँग्रेसका उपसभापति बिमलेन्द्र निधिले सर्वोच्च अदालतमा रहेका विचाराधीन मुद्दामाथि सडकबाट फैसला गर्न नहुने बताएका छन् ।

नेपाली काँग्रेस सप्तरीद्वारा सोमबार सदरमुकाम राजविराजमा प्रतिनिधिसभा विघटन बिरुद्ध आयोजित बिरोधसभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

बिरोधसभालाई सम्बोधन गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्री समेत रहेका उपसभापति निधीले संसद् पुनर्स्थापना हुने वा नहुने विषयमा सर्वोच्च अदालतले गरेको निर्णयलाई आफुहरुलाई मान्य हुने बताए ।

उनले पाँच वर्षका लागि निर्वाचित सरकारले तीन वर्षमै प्रतिनिधिसभा भंग गरेर प्रधानमन्त्रीले सर्वसत्तावादी चरित्र देखाएको आरोप लगाए ।

मधेश लगायत सिंगै मुलुकको हीतका लागि नेपाली काँग्रेसको विकल्प नरहेको दाबीका साथ नेता निधीले मधेश बिना देश हुँदैन भन्ने काँग्रेस बिना मधेशको कल्याण पनि सम्भव नरहेको उल्लेख गर्दै काँडाको बिरुवा रोप्दा आँप नफल्ने जस्तै कम्युनिष्टलाई जिताएर जनताको पनि कल्याण नहुनु प्रमाणित भइसकेको बताए ।

उनले गणतन्त्रको रक्षाका लागि नेपाली काँग्रेस सदैब त्यसकै पक्षमा रहेको बताउदै मधेस र देश बिकास गर्नको लागि काँग्रेस नेतृत्व आवश्यक रहेको औल्याए ।

कम्युनिष्टलाई बहुमतका साथ जिताउँदा मुलुक र जनताले भोग्नु परेको संकटबाट पाठ सिक्न जरुरी रहेको उनको भनाई थियो । गाडी राम्रो भएपनि चालक कुशल नभए दुर्घटनाको जोखिम बढ्ने बताउँदै मुलुक संचालनमा प्रधानमन्त्री त्यस्तै अनाडी चालक भएका कारण सिंगो मुलुकमा राजनीतिक दुर्घटनाको जोखिम बढेको उनले आरोप लगाए ।

कार्यक्रममा नेकपा, जसपा, राप्रपा लगायत पार्टी परित्याग गरि पाँच सय भन्दा बढी स्थानिय नेता कार्यकर्ताहरु काँग्रेसमा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई फुलमाला र अबिर लगाई प्रमुख अतिथि निधिले स्वागत गरेका थिए ।

सभाअघि गाउँ गाउँबाट हजारौंको संख्यामा आएका सहभागि नाचगान तथा सरकारबिरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

बजार परिक्रमा पश्चात् राजरंगशालामा काँग्रेस सप्तरीका सभापति दिनेश यादवको अध्यक्षतामा आयोजित बिरोध सभालाई पूर्वमन्त्री रामकुमार चौधरी हेमराज तातेड, रमणीराम, प्रदेशसभा सदस्यद्वय समिम अन्सारी, गिता यादव, पूर्वसासंद सुबोध पोखरेल, ट्रेड युनियनका अध्यक्ष मनोज मण्डल, मुश्लिम संघका अध्यक्ष फत्तेह मोहम्मद, महासमिति सदस्य बिरबल बिराजी, क्षेत्रीय सभापति किरण भगत, भगवती यादव, महानन्द यादव, बद्रि महात्मान, रामप्रसाद मंडल लगायतले पनि आन्दोलनबाटै प्रतिगमनकारी कदम सच्याउन वर्तमान केपी ओलीको सरकारलाई बाधय पार्ने चेतावनी दिएका थिए ।

## बहुबिवाह मुद्दाका फरार प्रतिवादी कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

बहुविवाह मुद्दामा फरार एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरि अदालतको आदेशमा कैद भुक्तान गर्न कारागार चलान गरेको छ ।

सिरहाको लहान नगरपालिका वडा नं. २३ माइती भएकी २१ वर्षिया पुनिता कुमारी चौधरीले बहुविवाह गरेको भन्दै २०७६ भदौं ८ गते सप्तरीको सुरुङगा नगरपालिका वडा नं. ७ निवासी २८ वर्षिय उमेश चौधरी बिरुद्ध जाहेरी दिएकी थिइन् ।

प्रहरीका अनुसार जाहेरीपछि पक्राउ परेका चौधरीलाई २०७६ भदौं ३० गते सप्तरी जिल्ला अदालतको आदेशले ५० हजार धरौटी रकम माग गरेको थियो । उक्त धरौटी रकम तिरी तारेखमा

***बाँकी अन्तिम पृष्ठमा***




## कार्यदलप्रति पूर्वराजपाका पदाधिकारीद्वारा असन्तुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

पूर्वराजपा नेपालका पाँच जना अध्यक्ष मण्डलका सदस्यद्वारा पूर्वसमाजवादी पार्टीसँग जिल्ला समन्वय समिति समायोजनको निम्ति बनाइएको ६ जनाको कार्यदलप्रति पूर्वराजपाका १३ जना पदाधिकारीहरुको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

सोमबार पूर्वराजपाका जिल्ला उपाध्यक्ष निरज मुक्ति, बिरेन्द्रकुमार यादव, उपेन्द्रप्रसाद चौधरी, युगेश्वर मण्डल, सरेन्द्र नारायण मण्डल, फुलदेव राम, पूर्वअध्यक्ष कपिलदेव यादव, सचिव शत्रुधन मण्डल, हरेराम यादव, बौवालाल शर्मा, पूर्व कोषाध्यक्ष मनोजकुमार झा, बिमल यादव र पूर्व सदस्य चन्देश्वर यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमार्फत सो ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्ति मार्फत अलोकतान्त्रिक र अबैधानिक तरिकाले बनाइएको कार्यदलसँग समायोजन सम्बन्धी कुनै प्रकारको संवाद र वार्ता नगर्न सम्बन्धीत पक्षसँग आग्रह गरिएको छ ।

जारि विज्ञप्तिमा पूर्वराजपा नेपालको ६ वटै घटकका ६ वटै जिल्ला समितिको कुनै पनि पदाधिकारी, सदस्यहरुसँग राय, सल्लाह नगरि एकलौटी ढंगले

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकार महासंघका सदस्य तामाङलाई मातृशोक

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सदस्य बृजमान तामाङ्गलाई मातृशोक परेको छ ।

तामाङ्गकी आमा मउतीमाया तामाङ्गको ६८ वर्षको उमेरमा आइतबार राती उपचारको क्रममा निधन भएको हो ।

लामो समयदेखी क्यान्सर रोगबाट पीडित रहेकी उनको



जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं. २ सीतापुरस्थित

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय ....

# पहिलेको खेल मैदान अहिले भाषणको थलो

राजविराजस्थित रंगशाला अहिले राजनीतिक भाषणको थलो बनेको छ। खेलकुद प्रयोजनका लागि निर्माण भएको रंगशालामा अहिले खेलकुद गतिविधी न्युन रहेको बेला राजनीतिक दलहरुको भाषणको थलो बनेको हो। खेल मैदान जिर्ण बन्दै गएकोमा कसैले चासो देखाउन सकेको छैन्। तर, भाषणका लागि यो स्थान भने सबैभन्दा उपयुक्त रहेको छ। यसका लागि जिर्ण भौतिक संरचनाले भाषण गर्नका लागि कुनै फरक पारेको देखिदैन्। खेलकुद विकास समितिको उपेक्षामा रहेको यस खेल मैदान भने राजनीतिक दलको पहिलो प्राथमिकतामा रहेको छ।

यसरी खेल प्रयोजनका लागि निर्माण गरिएको यो मैदान कुनै न कुनै बहानामा सदुपयोग भइरहेको छ। तर, जुन प्रयोजनमा प्रयोग हुने हो त्यो चाहि गौण रहेको छ। यसका लागि जिल्लाका सरोकारवाला निकाय समेतले चासो देखाउन सकिरहेका छैनन्। विगतमा यही खेल मैदानमा राष्ट्रिय स्तरको खेल सम्पन्न भएको छ। तर, अहिले बाध्यताबस यहाँ खेलकुद हुने गरेको छ। खेलकुद गराउने निकायले खेल सुरु हुनुभन्दा पहिले आफैले मैदानलाई मर्मत गरेर खेल खेलाउने गरेका छन्।

राजविराज नगरको मुटुमा रहेको यस मैदानप्रति मौन बसेका निकायले किन स्तरोन्तरीतर्फ ध्यान दिन सकिरहेका छैनन्, यो अहिले सम्पूर्ण खेलप्रेमिले उठाउने सावल हो। तसर्थ खेल मैदानलाई मर्मतका साथै स्तरोन्तरीका आवश्य रहेकोले यसप्रति सम्बन्धीत निकायले ध्यान पुऱ्याउनु आवश्यक रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारका तीन वर्षः भर्नादर ९३ र साक्षरता दर ८५ प्रतिशत

काठमाडौँ, ३ फागुन (रासस)।

कोरोना महामारीको जोखिमबीच वर्तमान सरकारले तीन वर्षका अवधिमा शिक्षा र सञ्चार क्षेत्रको पहुँच विस्तारमा उल्लेखनीय प्रगति हासिल गरेको छ। सो अवधिमा आधारभूत तह (कक्षा १-८) को विद्यार्थी खूद भर्नादर ९२.३ प्रतिशतबाट वृद्धि भई ९३.४ प्रतिशत पुगेको छ भने माध्यमिक तह (कक्षा ९-१२) को खूद भर्नादर ४३.९ प्रतिशतवाट ४७.६ प्रतिशत पुगेको छ।

छ वर्षमाथिको साक्षरता दर ७८ प्रतिशतबाट ८५ प्रतिशत पुगेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् (सिटिइभिटी अन्तर्गत सञ्चालित शिक्षालय २९२ स्थानीय तहमा पुगेका छन्। यस्ता शिक्षालयको सङ्ख्या ५७० बाट एक हजार ४२ पुगेको छ। तीन शिक्षालयबाट ६५ हजार ४९७ जनाले तालीम प्राप्त गरेको सरकारले जनाएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको तीन वर्ष प्रवेशका अवसरमा सोमबार गर्नुभएको सम्बोधनमा शिक्षाका सन्दर्भमा आफूले गत वर्ष संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को विश्व प्रतिवेदमा उल्लिखित 'अ वर्ल्ड रेडी टु लर्न' लाई उल्लेख गरेको स्मरण गर्दै प्रतिवेदनमा सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्नादर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको जनाउनुभएको छ। शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ र आम्दानीलगायत अन्य आर्थिक सामाजिक पक्षको स्थिति समेटेर राष्ट्रसङ्घीय विकास कार्यक्रमले प्रकाशन गरेको मानव विकास प्रतिवेदन, २०२० ले नेपालको सूचकाङ्क तीन वर्षका अवधिमा ५.३ प्रतिशतले वृद्धि भएको उल्लेख गरेको छ। सो सूचकाङ्कले कोभिड-१९ को महामारीबीच पनि नेपालमा गरीबी नबढेको सङ्केत गरेको सरकारको बुझाइ छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा सिकाइ सुविधामा सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/०७७ देखि सो कार्यक्रम प्रारम्भ भएको छ। गत आवमा यसको कार्यविधि तयारी गरी विद्यालय तहबाट प्रस्ताव माग गरिएकामा करीब तीन हजार तीन सय प्रस्ताव प्राप्त भएको। हाल पुनः नयाँ प्रस्ताव आह्वान गरिएको छ। चालू आवमा बढीमा २५ लाखसम्मका आयोजनाको प्रस्ताव पेश गर्न सूचना प्रकाशन गरिएकामा हाल स्थानीय तहको स्वीकृतिसहित विद्यालयका प्रस्ताव प्राप्त भइसकेका छन्। विद्यालयबाट प्राप्त प्रस्तावमा भवन निर्माण, सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला जस्ता पूर्वाधारसम्बन्धी आयोजना समावेश छन्। ती प्रस्तावको मूल्याङ्कन गरी कार्यान्वयन अघि बढाउन प्रक्रिया प्रारम्भ गरिएको छ।

सरकारले चालु आवको वार्षिक नीति तथा कार्यक्रममा अनलाइन शिक्षा प्रदानलगायत व्यवस्था गरेको थियो। कोरोना भाइरसबाट समाजका सबै क्षेत्र प्रभावित भइरहेका बेला उक्त नीति तथा कार्यक्रमले विद्युतीय शिक्षण सामग्री उत्पादन गरी सबै सार्वजनिक माध्यमिक विद्यालय र क्याम्पसमा स└ूचना प्रविधि प्रयोगशाला र उच्चगतिको इन्टरनेट सुविधा पुऱ्याइने उल्लेख गरेको थियो। बन्दाबन्दीपछि शिक्षालय बन्द रहेकाले अनलाइन र दूर शिक्षाका माध्यमबाट सिकाइको निरन्तरता दिन थालिएकामा सबै विद्यालय र विद्यार्थीका बीचमा यसको पहुँच पुग्न नसकेको गुनासो उत्पन्न भएको थियो। प्राविधिक जनशक्तिको अभाव हटाउन प्राविधिक शिक्षा विस्तार गरिने नीति तथा कार्यक्रममा शिक्षाको आकर्षण थियो। आगामी तीन वर्षभित्र सबै सामुदायिक विद्यालय तथा प्राविधिक शिक्षालयलाई पूर्वाधारसम्पन्न शिक्षण संस्थाका रूपमा विकास गर्ने सरकारको तयारी छ।

गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक पहुँच पुऱ्याउने, करीब दुई लाख ७० हजार विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने र टिकाउने, शिक्षालाई अनुसन्धानसँग जोड्ने, शिक्षकको पदपूर्ति, विकास र परिचालनजस्ता कार्यक्रम सरकारका प्राथमिकतामा छन्।

विद्यालयस्तरमा विज्ञान शिक्षकको अभाव पूरा गर्न शिक्षक परिपूर्ति, पाँच वर्षमुनिका बालबालिकाका लागि स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने, सबै विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा पुऱ्याउने र सार्वजनिक विद्यालय सबलीकरण दशक जस्ता कार्यक्रम राखिएका छन्।

सबै नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान्, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील र आत्मविश्वासी बनाउने सरकारको शिक्षा नीति हो। राष्ट्रिय आवश्यकता र अन्तरराष्ट्रिय अवसरका आधारमा जनशक्तिको प्रक्षेपण गरी विषय क्षेत्रगत जनशक्ति उत्पादन गरिने तथा राष्ट्रिय योग्यता प्रारूपको ढाँचा कार्यान्वयनमा ल्याइने सरकारको लक्ष्य छ। आगामी आवमा साक्षर नेपाल घोषणा गरिने भनिएको छ। हाल ५३ जिल्ला पूर्ण साक्षर घोषित भइसकेका छन्।

आवश्यक जनशक्ति विकासका लागि कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, इञ्जिनियरिङ, आर्टिफसियल इन्टेलिजेन्स, सुरुङ प्रविधि तथा रक इञ्जीनियरिङ, खनिज अन्वेषण, जलविद्युत्, नवीकरणीय ऊर्जालगायत विशिष्टीकृत विधामा उच्च शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाइने सरकारको सङ्कल्प छ। विश्वविद्यालयका अध्ययनअध्यापनलाई अनुसन्धानमा आधारित बनाइने र विज्ञान प्रविधिसम्बन्धी उच्च शिक्षालाई अनुसन्धानमुखी तथा अनुसन्धानको गुणस्तर सुनिश्चित गर्ने संयन्त्र विकास गरिने भनिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान तथा नव प्रवर्त्तन नीति, २०७६ समयानुकूल परिमार्जन गर्दै कार्यान्वयन गरिने प्रतिबद्धता सरकारको छ।

स्वदेशमै विज्ञान र प्रविधिका क्षेत्रमा अन्तरराष्ट्रियस्तरको अध्ययन, अध्यापन र अनुसन्धान गर्न सक्ने विश्वविद्यालयका रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणका कार्य अघि बढेका छन्। 'चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश' अभियान

*बाँकी तीन पृष्ठमा*

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सत्तरी महिनापछि बन्यो सिंहदरबार

काठमाडौं, ३ फागुन (रासस)। प्रधानमन्त्री केपी शर्मा ओलीले पुनःनिर्मित सिंहदरबार तीन मोहडाको उद्घाटन गर्नुभएको छ। विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षतिग्रस्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत रहेको देशको प्रमुख प्रशासनिकस्थल सिंहदरबारको पुनःनिर्माण सम्पन्न भएपछि सोमबार उहाँले उद्घाटन गर्नुभएको हो।

सो अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सरकारका तीनवर्षे कार्यकालका विषयमा जानकारी गराउनुभएको थियो। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणद्वारा पश्चिमबाहेकका तीन मोहडाको लागत रु ८७ करोडमा पुनःनिर्माण भएको हो। उद्घाटनपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय यही भवनमा सर्ने जनाइएको छ। भूकम्पले भवन क्षतिग्रस्त भएपछि देशको प्रमुख कार्यकारीको कार्यालय सिंहदरबार परिसरमै रहेको तत्कालीन स्थानीय विकास मन्त्रालय रहेको भवनमा सारिएको थियो।

पुनःनिर्माण सम्पन्न भई उद्घाटन भएका मोहडा विसं २०३० को आगलागीमा परेपछि विसं २०३७ मा नयाँ प्रविधि तथा आधुनिक निर्माण सामग्री प्रयोग गरी पुरानै स्वरुपमा पुनःनिर्माण गरिएको थियो। भौतिक प्रबलीकरणपछि अत्याधुनिक सुविधासम्पन्न बनाउन भवनमा आपत्कालीन तथा अग्नि नियन्त्रक संयन्त्र राखिएको छ। कार्यालयमा २४ सै घण्टा उपलब्ध हुने ताजा हावासहितको वातानुकूलन प्रणालीसमेत जडान गरिएको छ।

सिंहदरबार पुनःनिर्माण कार्यान्वयन गराइरहेको प्राधिकरण मातहतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) का आयोजना निर्देशक श्यामकिशोर सिंहका अनुसार दुई चरणमा ठेक्का व्यवस्थापनमार्फत तीन मोहडाको पुनःनिर्माण भएको हो।

उत्तर, दक्षिण र पूर्व खण्डलाई नयाँ प्रविधि तथा आधुनिक निर्माण सामग्री जस्तै सिमेण्ट, बालुवा, छड, 'बोण्डिङ केमिकल' प्रयोग गरी पुरानै स्वरुप नबिग्रिने गरी प्रबलीकरण गरिएको उहाँले जानकारी दिनुभयो। निर्माण कम्पनी शर्मा-न्यू टेक्निकलले प्रथम चरणको काम गरेको तथा शर्मा-माइक्रोटेक-न्यू टेक्निकल जेभीले दोस्रो चरणको काम गरेको एकाइले जनाएको छ।

**पश्चिम मोहडाको प्रबलीकरण जारी**

आगलागीबाट बचेको पश्चिम मोहडाको पुरानै प्रविधि तथा निर्माण सामग्री प्रयोग गरी प्रबलीकरण भइरहेको छ। सो भाग भत्काएर नयाँ बनाउने वा प्रबलीकरण गरी पुनःनिर्माण गर्ने विषयमा आवश्यक अध्ययन तथा विज्ञबीच छलफलले समय लिएको थियो।

सम्पदा संरक्षणको दृष्टिकोणले पुरानै शैली र स्वरुपमै बचाउन प्रबलीकरण नै गर्न उपर्युक्त भएको निष्कर्ष आएपछि प्राधिकरणबाट प्रबलीकरण भइरहेको छ। विसं २०७६ असोज २७ गतेदेखि शुरु भएको पश्चिम मोहडाको पुनःनिर्माणको हालसम्म ५० प्रतिशत प्रगति भइसकेको छ। मूल्यअभिवृद्धि करबाहेक करीब रु ४६ करोड ८८ लाखमा शर्मा-गौरी पार्वती-न्यू टेक्निकल जेभीले पश्चिम भागको प्रबलीकरण गरिरहेको छ। आगामी असारसम्म पश्चिमी मोहडाको काम पनि सक्ने जानकारी गराइएको छ।

### *सरकारका तीन...*

सञ्चालन गरी स्नातकोत्तर युवालाई विकासनिर्माण तथा शैक्षिक विकाससम्बन्धी काममा मुलुकभर परिचालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

सञ्चार क्षेत्रमा शून्यको स्थितिबाट ७७ जिल्लामा फोर-जी सेवा विस्तार भएको छ। इन्टरनेट ग्राहक घनत्व ५१.२ प्रतिशतबाट ८०.१ प्रतिशत पुगेको छ। ग्रामीण दूरसञ्चार कोषअन्तर्गत ३१ जिल्लामा निःशुल्क इन्टरनेट सुविधा उपलब्ध भएको छ। हालै मन्त्रिपरिषद्बाट सबै विद्यालय र स्थानीय सेवा प्रदायक संस्थामा इन्टरनेट सेवा पुर्‍याउने निर्णय भएको प्रधानमन्त्री ओलीको सम्बोधनमा जनाइएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### भारतमा कोभिड-१९ बाट संक्रमित एक करोड १० लाख पुगे

नयाँदिल्ली, ३ फागुन (रासस-सिन्ह्वा)।

भारतमा कोभिड-१९ बाट संक्रमित हुने व्यक्तिको संख्या सोमबारसम्म एक करोड १० लाख पुगेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

साथै कोभिड-१९ संक्रमित मध्ये एक लाख ५५ हजार ७३२ जनाको मृत्यु भएको छ। भारतमा हाल सक्रिय संक्रमितको संख्या एक लाख ३९ हजार रहेको छ भने एक करोड ६ लाख व्यक्ति संक्रमणमुक्त भइसकेका छन्। विगत तीन दिनदेखि भारतमा सक्रिय संक्रमितको संख्या पुनः बढ्न थालेको मन्त्रालयले जनाएको छ।

भारतमा कोभिड-१९ विरुद्ध गत जनवरी १६ देखि राष्ट्रव्यापी खोप अभियान शुरु गरेको थियो। देशभर करिब ८३ लाख व्यक्तिले खोप लिइसकेका छन् जसमा मुख्यगरी स्वास्थ्यकर्मीहरु रहेका छन्।

यसैबीच, आइतबारसम्म भारतमा करिब २१ करोड नमुना परीक्षण गरिएको छ। पछिल्लो पटक आइतबार एक दिन चार लाख ८६ हजार नमुना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषदले जनाएको छ।भारतमा हाल सेरम इन्स्टिच्युटले उत्पादन गरेको कोभिसिल्ड र भारत बायोटेक इन्टरनेसनलले उत्पादन गरेको कोभाक्सिन खोप प्रयोगमा ल्याइएको छ।

विश्वभर कोभिड-१९ बाट करिब १० करोड १९ लाख व्यक्ति संक्रमित भएका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार संक्रमितमध्ये करिब २४ लाख ११ हजार व्यक्तिको ज्यान गएको छ।

संयुक्तराज्य अमेरिकामा चार लाख ९७ हजार, ब्राजिलमा दुई लाख ३९ हजार, मेक्सिकोमा एक लाख ७४ हजार, बेलायतमा एक लाख १७ हजार, इटालीमा ९३ हजार र फ्रान्समा ८१ हजारको मृत्यु भइसकेको छ। कोरोनाभाइरसको उत्पत्ति भएको भनिएको चीनमा भने चार हजार ६३६ जनाको मृत्यु भएको थियो। कोभिड-१९ विश्वका २२१ वटा मुलुक एवं क्षेत्रमा फैलिएको पाइएको छ। विश्वभर अझै पनि करिब ९८ हजार व्यक्ति गम्भीर अवस्थामा रहेर उपचार गराइरहेका छन्।

### दक्षिण कोरियामा पनि घटेन कोभिडका सङ्क्रमितको संख्या

सोल, ३ फागुन (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा कोरोना भाइरस (कोभिड-१९) का सङ्क्रमितहरु पछिल्लो समयमा बढ्न थालेका छन्। यहाँका स्वास्थ्य अधिकारीहरुले यहाँ सङ्क्रमित हुनेहरुको संख्या पछिल्ला हप्ताहरुमा बढ्दै गएको देखिएको बताएका छन्। प्राप्त समाचारअनुसार गत २४ घण्टामा थप ३४४ जनामा कोरोना भेटिएको बताइएको समाचारमा जनाइएको छ। गएको २४ घन्टामा देखिएको यो संख्या केही दिनयताकै धेरै रहेको बताइएको छ।

योसँगै यहाँका सङ्क्रमितहरुको संख्या ८३ हजार ८६९ जना पुगेको बताइएको छ। यहाँ पछिल्लो हप्ता हरेक दिन कम्तीमा एक सयजना जति सङ्क्रमित थपिएका पनि बताइएको छ। उनीहरुमध्ये अधिकांश विदेशबाट आएका व्यक्तिमा पाइएको पनि सो समाचारमा जनाइएको छ। दक्षिण कोरियामा अहिले नयाँ वर्ष मनाइएको छ। यही नयाँ वर्षको क्रममा दक्षिण कोरियाका धेरै व्यक्तिमा सङ्क्रमण भएको देखिएको छ।

पछिल्लो २४ घन्टामा यहाँ पाँच व्यक्तिको मृत्यु भएको बताइएको छ। यो मृत्युपछि यहाँ कोरोना भाइरसको संक्रमणबाट ज्यान जानेको संख्या १ हजार ५२७ जना पुगेको बताइएको छ। शुरुमा यहाँका सङ्क्रमितहरु बढीजसो चर्चमा गएका व्यक्तिहरुबाट भएका बताइएको थियो। तर पछिल्ला महिनाहरुमा भने यहाँ स्वदेशमा पनि आन्तरिक रुपमा भाइरसका सङ्क्रमितहरु बढेका बताइएको छ।

यहाँ निकै थोरै संख्यामा मात्र सङ्क्रमितहरु थिए। दक्षिण कोरिया सरकारले कोरोना भाइरसको सङ्क्रमणलाई रोक्न विदेशका अरु देशहरुको तुलनामा प्रभावकारी काम गरेको पनि बताइएको थियो। तर प्राप्त समाचार अनुसार दक्षिण कोरियामा पछिल्ला केही महिनायता भने संक्रमितहरुको संख्या बढ्दै गएको देखिएको हो। दक्षिण कोरियाको सरकारका स्वास्थ्य सम्बन्धी अधिकारीहरुले दिएको जानकारीअनुसार यहाँका नागरिकको भाइरसका कारण संक्रमितहरु मध्ये १.८२ प्रतिशतको ज्यान गएको बताएका छन्।

### अफगान सेनाको कारबाहीमा सात आइएस आतङ्ककारी मारिए

जलालाबाद, अफगानिस्तान, ३ फागुन (रासस/सिन्ह्वा)।

अफगान सरकारी सुरक्षाबलले अफगानिस्तानको पूर्वी प्रान्त नाार्गाहारमा जारी राखेको बिशेष सुरक्षा कारबाहीका क्रममा इस्लामिक स्टेट्स् (आइएस) आतङ्ककारी समूहका सात जना लडाकू मारिएका प्रान्तीय सरकारद्धारा सोमबार जारी विज्ञप्तिमा जनाएको छ ।

प्रान्तीय राजधानी जलालाबाद शहरको, बाहिरी इलाकामा रहेको घोच्को क्षेत्रमा आइएस आतङ्ककारी लुकेर बसेको आखाडालक्षित भएको सुरक्षा कारबाहीमा एक आत्मघाती बम आक्रमणकारीलगायत आइएसका सात लडाकू मारिएका समाचारमा जनाइएको छ।

यस कारबाहीको क्रममा सुरक्षा अधिकारीहरुले चार ओटा आत्मघाती भेस्ट, तीन ओटा एके-४७ राइफल र विस्फोटक पदार्थ र हाते ग्रेनेडसमेत कब्जा लिएको जनाइएको छ। नान्गार्हार प्रान्तको यस भागमा सक्रिय रहेका आइएस लडाकू समूहले भने कारबाहीका बारेमा केही बताएका छैनन्।

# कांग्रेस महाधिवेशन जेठ मसान्त वा भदौ पहिलो साता !

काठमाडौँ, २ फागुन (राසस)।

नेपाली कांग्रेसले केन्द्रीय कार्यसमितिको बैठक यही फागुन ५ गते बोलाएको छ। पार्टी केन्द्रीय कार्यालय सानेपामा अपराह्न २ बजे बस्ने बैठकमा दलको आगामी १४ औं महाधिवेशन र समसामयिक राजनीतिक विषयमा छलफल हुने पार्टी कार्यालयले जनाएको छ।

कांग्रेसले पार्टीको १४औं महाधिवेशन कार्यतालिका कोभिड-१९ को संक्रमणका कारण प्रभावित भए पनि अझै महाधिवेशनको नयाँ मिति तोकेको छैन। पार्टीले गत असार २२ गते केन्द्रीय महाधिवेशन यही फागुन ७ देखि १० गतेसम्म गर्ने गरी कार्यतालिका निर्धारण गरेको थियो।

फागुन ५ गतेको बैठकमा पनि महाधिवेशनको नयाँ मिति भने नतोकिने बताइएको छ। कांग्रेसका एक केन्द्रीय सदस्यका अनुसार पार्टीले महाधिवेशनको नयाँ मिति तोक्न सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटन मुद्दाको फैसला कुर्न भएको छ। प्रतिनिधिसभा पुनःस्थापना भयो भने कांग्रेस महाधिवेशन आगामी जेठ मसान्तसम्म र पुनःस्थापना नभई निर्वाचनमा जानुपर्‍यो भने भदौ पहिलो साता हुन सक्ने उहाँले बताउनुभयो।

आगामी बैठकमा केन्द्रीय कार्यसमितिको समयावधि थप गरिने बताइएको छ। केन्द्रीय कार्यसमितिको समयावधि थप गर्दा कांग्रेस पार्टीको विधानानुसार नभई नेपालको संविधानको सहारा लिनुपर्ने हुन्छ। बैठकले केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा पार्टीको क्रियाशील सदस्यता छानबिन समिति गठन गर्ने पार्टी कार्यालय स्रोतले जनाएको छ।

कांग्रेसको विधानमा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुने र असाधारण स्थितिमा बढीमा एक वर्षसम्मको अवधि बढाउन सकिने उल्लेख छ। काँग्रेसको १३औं महाधिवेशन २०७२ साल फागुन २० देखि २३ गतेसम्ममा काठमाडौँमा भएको थियो। काँग्रेसको विधानानुसार पार्टीको आगामी १४औं महाधिवेशन यही फागुन २० गतेसम्म उद्घाटन गरिसक्नुपर्छ।

कांग्रेसले कोभिड-१९ को विषम परिस्थितिमा अब नेपालको संविधानमा भएको व्यवस्थाको सहारा लिएर केन्द्रीय समितिको समयावधि थप गर्ने र महाधिवेशनको मिति सार्ने जनाएको छ। नेपालको संविधानको धारा २६९ मा राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्ने उल्लेख छ। साथै विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्र पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेमा छ महिनाभित्र त्यस्तो निर्वाचन गर्न सकिने गरी राजनीतिक दलको विधानमा व्यवस्था गर्न बाधा पर्ने छैन भनी उल्लेख छ।

हालको महाधिवेशन कार्यतालिकानुसार गाउँ र नगर वडा अधिवेशन गत पुस ६ गते, गाउँ-नगरपालिका अधिवेशन पुस ८ गते र प्रदेशसभा क्षेत्रीय अधिवेशन पुस ११ गते गरिसक्नुपर्ने थियो। यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन (एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन पनि) पुस १३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन पुस १६ गते, प्रदेश अधिवेशन गत माघ ६ गते र केन्द्रीय महाधिवेशन यही फागुन ७ देखि १० गतेसम्म गर्नुपर्ने हालको कार्यतालिका छ।

### बहुबिवाह ...

छुटेका चौधरीलाई २०७६ पुस ८ गते अदालतको आदेशले ५ हजार जरिवाना र ११ महिना १२ दिन कैदको फैसला गरेको थियो।

फैसला लगत्तै फरार रहेका चौधरीलाई ईलाका प्रहरी कार्यालय कडरवोनावाट खटिएका प्रहरी टोलीले २०७७ फागुन १ गते घरबाटै पक्राउ गरेको जनाएको छ।

पक्राउ परेका चौधरीलाई फागुन २ गते जिल्ला अदालतको आदेशले कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वरप्रसाद साहले जानकारी दिएका छन्।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**

**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# मुस्लिमको मदरसा बनाउन हिन्दूले गरे जग्गादान

झापा, ३ फागुन (रासस)।

झापाको विर्तामोड नगरपालिका-३ मा मुस्लिम समुदायका बालबालिकाले अध्ययन गर्ने धार्मिक विद्यालय मदरसा निर्माणका लागि एक हिन्दू समाजसेवीले जग्गादान गर्नुभएको छ। मदरसा निर्माणका लागि समाजसेवी विष्णुमाया प्रसाईंले रु १५ लाख मूल्य पर्ने १२ धुर जग्गा दान दिनुभएको प्रदेशसभा सदस्य एकराज कार्कीले जानकारी दिनुभयो। अरु जग्गा सहुलियत मूल्यमा खरिद गरेर आठ कठ्ठा जग्गा पुर्‍याइने र मदरसा भवन निर्माण गरिने मदरसाका प्रमुख अफरोज खानले बताउनुभयो।

हाल स्थानीय मस्जिदमा कक्षा ४ सम्म मदरसा सञ्चालन हुँदै आएको छ। जग्गा प्राप्त भएको समावेशी टोलमा कक्षा १२ सम्म पठनपाठन हुनेगरी मदरसाको भवन निर्माणका लागि सबै धार्मिक समुदायका दाताहरूलाई आह्वान गरिएको अध्यक्ष खानले बताउनुभयो। सो क्षेत्रमा मुस्लिम समुदायका १५० परिवार बसोबास गर्दै आएको छ। नजिक कुनै विद्यालय नभएको हुँदा मुस्लिम समुदायका सबै बालबालिकालाई शिक्षाको पहुँचमा पुर्‍याउन मदरसा स्थापना गरिएको वडाध्यक्ष भोजराज सिटौलाले बताउनुभयो।

समाजसेवी प्रसाईं हिन्दू हुनुहुन्छ। उहाँको जग्गादानले नेपाली समाजमा परापूर्वकालदेखि कायम रहँदै आएको हिन्दू-मुस्लिमबीचको सामाजिक सद्भाव र धार्मिक सहिष्णुतालाई उजागर गरेको स्थानीय पत्रकार विजय बरालले बताउनुभयो। जग्गादाता प्रसाईंलाई आइतबार एक समारोहबीच मदरसाले सम्मान गरेको छ। मुस्लिम समुदायका बालबालिका शिक्षाको उज्यालोबाट वञ्चित हुन नपरोस् भनेर मदरसा सञ्चालनका लागि आफूले जग्गा दान गरेको उहाँले बताउनुभयो।

### कार्यदलप्रति ...

तानाशाही प्रवृती देखाउँदै कार्यदल बनाइएकोप्रति मान्य नहुने उल्लेख छ।

पूर्व राजपाको ६ वटै घटकहरुको पूर्ण बैठक बोलाई लोकतान्त्रिक विधी प्रकृयाबाट कार्यदल र समायोजनको कार्य अघि बढाउन विज्ञप्तिमार्फत माग गरिएको छ।

### पत्रकार महासंघका ...

आफ्नै निवासमा उपचारकै क्रममा निधन भएको जनाइएको छ।

यसैबीच नेपाल पत्रकार महासंघ सप्तरीका सचिव जितेन्द्र कुमार झाले एक शोक वक्तव्य जारि गर्दै दिवंगत आत्माको चिर शान्तिको कामनासाहित शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेका छन्।





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*